नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

फोन नं. : ४२६१४३६
४२६२२३८
Web Site: www.dohs.gov.np

प.सं. २०७५/०७६ च.नं. १०८६

टेकु, काठमाडौं, नेपाल ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

मिति : २०७८/०१/३०

श्री स्वास्थ्य निर्देशनालय, सातै प्रदेश
श्री स्वास्थ्य कार्यालय
७७ वटै जिल्ला ।

विषय: पूर्व दर्ता (Pre Registration) सम्बन्धमा ।

प्रस्तुत सन्दर्भमा आगामी दिनमा १८ वर्ष वा सो भन्दा माथीका झण्डै २ करोड नेपाली नागरिकहरुलाई कोभिड खोप दिन पर्ने र उक्त समूह निकै ठूलो भएकोले अभियानको समयमा दर्ता गर्न निकै कठिनाई पर्न जाने विगतको अनुभव भएकोले सो कठिनाई लाई सहज वनाउन र समयको वचत गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय बमोजिम Pre Registration गराउनको लागि web site र App तयार गरिएकोले तपशिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

डा. तारानाथ पोखेल
निर्देशक

निर्देशक

**तपशिल :**

१. यो स्वैच्छिक फारम भरेका १८ वर्ष वा सो भन्दा वढी उमेरका व्यक्तिहरुले प्राथमिकता र खोपको उपलब्धताको आधारमा खोप लगाउन पाउने छन् ।

- उक्त कार्यको लागि www.vaccine.mohp.gov.np मा लग ईन गरि आफ्नो विवरण अध्यावधिक गराउने र दर्ता नम्बर लिने ।
- यो स्वैच्छिक व्यक्तिगत आवेदन फारम हो ।
- यो फारम हाल खोप नलगाएका १८ वर्ष वा सो भन्दा वढी उमेरका व्यक्तिहरुलाई भर्न आव्हान गरिएको छ ।
- यो आवेदन फारम बाट प्राप्त भएका विवरण पालिका स्तरमा खोप संग सम्बन्धित योजना तथा व्यवस्थापन गर्नका लागि सहज हुनेछ ।
- यो फारम भर्ने वित्तीकै खोप लगाउने सुनिश्चितता जनाउदैन ।

२. Net Access नभएको पालिका वडा हरुमा स्वास्थ्य संस्थाहरुमा रजिस्टर राख्न लगाई पहिलेनै दर्ता गर्ने र पालिकामा ल्याई अनलाईन प्रविस्ट गर्ने व्यवस्था मिलाउने ।
३. रजिस्टरमा विवरण दर्ता गर्दा खोप कार्डमा भएको विवरण अनुसार मात्र दर्ता गर्ने ।
४. Net Access भएको ठाउंहरुमा तत्काल आफ्नो विवरण प्रिन्ट गरि सुरक्षित गर्न सकिने ।
५. अभियानको समयमा सवै खोप केन्द्रहरुमा Net को Access नहुने भएकोले अनिवार्य रुपमा रजिस्टर राख्न लगाउने र पछि संस्था वा पालिकामा लगि अनलाईन प्रविस्ट गराउने ।
६. यसरी अनलाईन दर्ता गर्ने हरुको हकमा अभियानको बेलामा प्राथमिकतामा राखी छुट्टै लाईनमा राखी खोप लगाउने व्यवस्था मिलाउने ।
नोट : अनलाईन मा दर्ता नभएकाहरुलाई खोपबाट वञ्चित गर्न पाईने छैन ।

श्री प्रशासन शाखा
सवै पालिकामा परिपत्र गर्ने
१/८